मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ १६ गते शुक्रबार ❑ 30 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## आगामी आर्थिक वर्षका लागि १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट

रासस
काठमाडौं, १५ जेठ

सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि रू १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएको छ।

उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीबार सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको आय-व्ययको अनुमान पेस गर्नुभएको हो।

"आगामी आर्थिक वर्षको बजेटमा चालुतर्फ रू ११ खर्ब ८० अर्ब ९८ करोड अर्थात् ६० दशमलव एक प्रतिशत, पुँजीगततर्फ रू चार खर्ब सात अर्ब ८९ करोड अर्थात् २० दशमलव आठ प्रतिशत र वित्तीय व्यवस्थापमा नरू तीन खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९ दशमलव एक प्रतिशत विनियोजन गरिएको छ", अर्थमन्त्री पौडेलले बजेट वक्तव्यमार्फत् भन्नुभयो।

आगामी आर्थिक वर्षको व्ययको अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा पाँच दशमलव छ प्रतिशत र संशोधित अनुमानको तुलनामा १८ दशमलव दुई प्रतिशतले बढी हो। कुल विनियोजनमा प्रदेश र स्थानीय तहका लागि वित्तीय हस्तान्तरणतर्फ रू चार खर्ब १७ अर्ब ८३ करोड विनियोजन गरिएको छ। आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक



राजस्वबाट रू १३ खर्ब १५ अर्ब र वैदेशिक अनुदानबाट रू ५३ अर्ब ४५ करोड उठाइने अनुमान गरिएको छ। बाँकी रू पाँच खर्ब ९५ अर्ब ६६ अर्ब बराबर न्यून हुनेछ। त्यसका लागि आन्तरिक ऋणबाट रू तीन खर्ब ६२ अर्ब र बाह्य ऋणबाट रू दुई खर्ब ३३ अर्ब ६६ करोड व्यहोरिने अर्थमन्त्री पौडेलले बताउनुभयो। सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ मा छ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेको छ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आज सङ्घीय संसदका दुवै सदनमा आगामी आर्थिक वर्षको बजेट वक्तव्य पेस गर्नुहुँदै सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटले प्रस्ताव गरेका योजना तथा कार्यक्रमले उक्त आर्थिक वृद्धि हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो।

त्यस्तै, आगामी आर्थिक वर्षका लागि सरकारले मुद्रास्फीती पाँच दशमलव पाँच प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य राखेको छ।

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सरकारले खानेपानी मन्त्रालयका लागि करिब रु ३४ अर्ब बजेट विनियोजन गरिएको छ। आवका लागि बजेट प्रस्तुत गदै खानेपानी मन्त्रालयका लागि रु ३३ अर्ब ८९ करोड विनियोजन गरेको बताउनुभयो। वन तथा वातावरण मन्त्रालयका लागि रु १८ अर्ब ६१ करोड विनियोजन गरिएको छ। आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्दै सो जानकारी दिनुभयो।

सरकारले कक्षा ५ सम्मका विद्यार्थीलाई उपलब्ध गराइने दिवा खाजा कार्यक्रमको रकम वृद्धिगरी रु १० अर्ब १९ करोड विनियोजन गरेको गरेको छ। त्यसबाट २८ लाख विद्यार्थी लाभान्वित हुने सरकारको भनाइ छ। आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्दै विद्यालयमा निःशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिएको उल्लेख गर्नुभयो। उक्त कार्यक्रमका लागि रु एक अर्ब २९ करोड विनियोजन गरिएको छ। कार्यक्रमबाट १३ लाख छात्रा लाभान्वित हुनेछन्।

आगामी आर्थिक वर्ष २०८२/८३ मा सहरी विकास मन्त्रालयका लागि रु एक खर्ब १८ अर्ब ३४ करोड विनियोजन गरिएको छ।

सरकारले खेलकुद क्षेत्रका लागि अहिलेसम्मकै बढी बजेट विनियोजन गरेको छ। आर्थिक वर्ष २०८२/८३ को बजेटमा खेलकुद मन्त्रालयका लागि रु ६ अर्ब आठ करोड रकम विनियोजन गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा रु तीन अर्ब ५० करोड बजेट विनियोजन गरिएको थियो। यसपटक रु दुई अर्ब ५६ करोड वृद्धि गरिएको हो। सरकारले युवालाई बिना धितो रु दुई लाखदेखि रु २० लाखसम्म सहुलियत कर्जा उपलब्ध गराउने भएको छ। आर्थिक वर्ष २०८२/८३ को बजेटमा शिक्षित युवालाई उद्यमशील र स्वरोजगार बनाउन शैक्षिक योग्यता, व्यवसाय दर्ता, सीप परीक्षणको प्रमाणपत्र तथा परियोजना प्रस्तावका आधारमा बिना धितो रु दुई लाखदेखि रु २० लाखसम्म तीन प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने उल्लेख छ।

## प्रदेशका अधिकार कार्यान्वयन गर्न प्रमुख भट्टको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, १५ जेठ

गण्डकी प्रदेश सरकारले गणतन्त्र दिवस विभिन्न कार्यक्रम गरि मनाएको छ। प्रदेश सरकारले प्रभात फेरि सहित विभिन्न कार्यक्रम गरि गणतन्त्र दिवस मनाएको हो।

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले उक्त कार्यक्रममा सम्बोधन गर्दै प्रदेशमा धेरै अधिकार दिएकोले त्यसको कार्वान्वयन गर्न आग्रह गर्नुभयो। गणतन्त्र स्थापना पछि जनताले शिक्षा, स्वास्थ्य, खेलकुद, खानेपानी , पूर्वाधार विकासमा केही कामहरूको सुरूवात भएको यहाँले बताउनुभयो। सिमित श्रोत साधनका बाबजुत सबै एक भई संघिय लोकतान्त्रीक गणतन्त्रको संस्थागत बिकासमा लाग्न प्रदेश प्रमुख भट्टले आग्रह गर्नुभयो। गणतन्त्र दिवस मुल समारोह समिति मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आयोजना गरेको उक्त कार्यक्रममा वोल्दै मुख्य मन्त्री सुरेन्द्रराज पाण्डेले जनताले अपेक्षा गरेको काम गर्न भर मजदुर प्रयास भएको बताउनु भयो। गण्डकी प्रदेशको ५.५ प्रतिशत आर्थिक बृद्धिदर देशमै सबै भन्दा धेरै भएको उहाँले बताउनु भयो। प्रदेशमा ९ वटा अस्पताल स्तरोन्नती भएको बताउदै मुख्य मन्त्री पाण्डेले प्रदेशमा हाल ६ सय शै या बिस्तार भएको जनाउदै ६७




जना एयर लिफ्टीङबाट उद्धार गरिएको उल्लेख गर्नुभयो।

'यो सुन्दर ब्यवस्थालाई अझै मजवुत बनाउन गण्डकी प्रदेश सरकार दृढ संकल्पका साथ अघि बढिरहेको छ,' उहाँले भन्नुभयो" शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, सरसफाई खानेपानी पर्यावरण लगायत आधारभुत अधिकारलाई ब्यवहारिक रुपमा कार्यन्वयन गर्न सरकार तत्पर रहेको बताउनुभयो ।गणतन्त्र दिवसलाई सम्बोधन गदै मुख्यमन्त्री पाण्डेले प्रदेशलाई संस्थागत गर्ने गरि सरकारले नीति कार्यक्रम ल्याउने बताउनु भयो।

गण्डकी प्रदेशका सभामुख कृष्णप्रसाद धितालले गणतन्त्रलाई संस्थागत गदै तल्लो तहदेखि माथिसम्म एक भएर लाग्न आग्रह गर्नु भयो। पूर्व मुख्यमन्त्री खगराज अधिकारीले सेवा लिए पछि अधिकार पालना गर्न आग्रह गर्नुभयो। नेपालमा केही नभएको भन्ने भाष्य निर्माण गरिएको उहाँको टिप्पणी थियो। गणतन्त्रले स्वाभिमान बनाएको, वल सावित बनाएको र राज्यको पहुचमा पुर्याएको उहाँले दाबी गर्नु भयो। उहाँले गणतन्त्र नमान्नेहरू र नुनको सोझो गर्नेलाई खेद व्यक्त गर्नुभयो।

प्रतिपक्ष दलका नेता हरिबहादुर चुमानले महान जनयुद्ध संघिय लोकतान्त्रिक गणतन्त्रको जग भएकोले ईतिहास नभुल्न आग्रह गर्नुभयो। संविधानको अक्षरस कार्वान्वयन गरि सामाजिक न्याय सहितको जनतालाई परिवर्तन दिनु पर्ने उहाँले बताउनु भयो। गण्डकी प्रदेशका प्रमुख सचिव शोभाकान्त पौडेलले नागरिकको अपेक्षाकृत काम गर्न भरमज्दुर प्रयास जारी रहेको बताउनु भयो।

पोखराको शहिद पार्कमा शहिदहरुको स्मृतिमा माल्यारोपण गरिएको थियो। शहिद पार्कबाट सुरु भएको प्रभातफेरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पुगेर समापन भएको गण्डकी प्रदेशका प्रेस रजिष्टार विमला भण्डारीले बताउनुभयो।

## पोखरा अन्तरराष्ट्रिय विमानस्थललाई पर्यटकीय हबका रुपमा विकास गरिने

रासस
काठमाडौं, १५ जेठ

सरकारले पोखरा अन्तरराष्ट्रिय विमानस्थलललाई पर्यटकीय हबका रुपमा विकास गर्ने भएको छ। सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकमा बिहीबार उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले प्रस्तुत गर्नुभएको बजेटमा पोखरा विमानस्थललाई पर्यटकीय हबका रुपमा विकास गरिने उल्लेख छ।

पोखरा विमानस्थलमा सञ्चालनमा आए पनि नियमित अन्तरराष्ट्रिय उडान हुन नसकेको अवस्थामा उडानलाई नियमित गर्नेगरी बजेटमा सम्बोधन हुनुपर्ने भए पनि पर्यटकीय हबका रुपमा विकास गरिने विषय बजेटमा आएको यहाँका पर्यटन व्यवसायीले बताएका छन्।

पोखरा विमानस्थललाई पर्यटकीय हबका रुपमा विकास गरिने कुरा अमूर्त भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले टिप्पणी गर्नुभयो। विमानस्थल पर्यटकीय हबका रुपमा विकास हुनका लागि यहाँबाट नियमित अन्तरराष्ट्रिय उडान हुनुपर्ने भएपनि त्यसतर्फ बजेटमा उल्लेख नभएको उहाँले बताउनुभयो। सरकारले यहाँबाट अन्तरराष्ट्रिय उडान सञ्चालनका लागि सर्वप्रथमतः नेपाल वायुसेवा निगमका जहाजको व्यवस्था गर्दै अघि बढ्नुपर्ने उहाँको भनाइ छ। निजी क्षेत्रका सम्बन्धमा बजेटमा उल्लेखित विषय कार्यान्वयन हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

सरकारले पूर्वाधारको विकास, गुणस्तरीय सेवा विस्तार र बजारीकरणका माध्यमबाट नेपाललाई सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्यको रूपमा ब्राण्डिङ गरिने उल्लेख गरेको छ। छिमेकी मुलुकका पर्यटकलाई लक्षित गरी प्रवर्द्धनका विशेष प्याकेज सञ्चालन गरिने अर्थमन्त्री पौडेलले बताउनुभयो। पर्या-पर्यटन, पर्वतीय तथा साहसिक पर्यटन, धार्मिक र सांस्कृतिक पर्यटनका प्रमुख गन्तव्य स्थलहरूमा पर्यटक लक्षित सेवा विस्तार गरिने भन्दै सरकारले प्राकृतिक, सांस्कृतिक, साहसिक, चलचित्र, आरोग्य र खेलमा आधारित पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिने उल्लेख गरेको छ। स्थलमार्गबाट आउने पर्यटकहरूलाई लक्षित गरी स्वागत तथा सेवा केन्द्र स्थापना गरिने बजेटमा भनिएको छ।

पर्यटकीय गन्तव्यको विकासमा निजी क्षेत्रको लगानी आकर्षित गरिने अर्थमन्त्री पौडेलले बताउनुभयो। सरकार निजी क्षेत्रको लगानी आकर्षित गर्ने बजेटमा उल्लेख गरिनुलाई सकारात्मक रुपमा लिइएको पोखरा भ्रमण वर्ष २०२५ का कार्यसम्पादन समितिका संयोजक गोपीबहादुर भट्टराईले बताउनुभयो। आवश्यक पूर्वाधारको विकास भने राज्यको जिम्मेवारी भएको उहाँको भनाइ छ। "निजी क्षेत्र लगानी गर्नका लागि सधैँ तयार नै छ", उहाँले भन्नुभयो, "सरकारले सडक लगायतका अत्यावश्यकीय पूर्वाधार विकास भने गरिदिनुपर्छ।" निजी क्षेत्रसँगको सहकार्य र पर्यटन बोर्डको सहजीकरणमा पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने सरकारको बजेटमा भनिएको छ। उच्च पहाडी तथा हिमाली क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न सुरक्षित पर्या पर्यटन पदमार्गहरूको विकास गरिने अर्थमन्त्री पौडेलले बताउनुभयो। होटल तथा रिसोर्टलाई उत्पादनमूलक उद्योग सरह आयकर तथा विद्युत् महसुल छुट दिइने बजेटमा भनिएको छ। सरकारले होटेल तथा रिसोटलाई उत्पादनमुलक उद्योग सरह मान्दै उल्लेखित छुटका विषय उल्लेख गरिनु स्वागत योग्य भएको होटेल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो। उल्लेखित विषयको प्रभावकारी कार्यान्वयन हुनुपर्ने उहाँको भनाइ छ।

नेपालमा अन्तरराष्ट्रिय हवाई सेवा सञ्चालन गरिरहेका वायुसेवा कम्पनीहरूलाई भैरहवा र पोखरा विमानस्थलबाट निश्चित सङ्ख्यामा उडान सञ्चालन गर्न थप प्रोत्साहन र सहुलियत दिइने बजेटमा उल्लेख गरिएको छ। पोखरा विमानस्थललाई पर्यटक हब बनाउने हो भने पहिला त यहाँबाट जहाजहरू चल्नुपर्ने नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष आनन्दराज मुल्मी बताउनुहुन्छ। उडानको सुनिश्चितताका लागि विमानस्थलको प्राविधिक सक्षमता, सरकारको व्यवसायिक योजनासँगै विमानस्थल अन्तरराष्ट्रिय नक्सामा अङ्कित हुनुपर्ने उहाँको भनाइ छ।


सुपथ मुल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# हेल्प नेपाल र पुलिसलाई पिएम कप एनभिए भलिबल कपको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

डिफेन्डिङ च्याम्पियन हेल्प नेपाल स्पोर्टस क्लब र नेपाल पुलिस क्लवले पोखरामा विहिबार सम्पन्न भएको पिएम कप एनभिए भलिबल प्रतियोगिताको उपाधि जितेका छन् ।

पोखरा रंगशालाको कभर्ड हलमा विहिबार भएको नवौ पिएम कप एनभिए भलिबल लिगमा घरेलु टोली पुरुष तर्फ गण्डकीलाई ३-२ को सेटमा पराजित गर्दै नेपाल स्पोर्टस क्लबले उपाधि जितेको हो । फाइनलमा पहिला दुई सेट २५-२० र २७-२५ ले गुमाए पनि पछिल्ला तीन सेट २५-२२, २५-१४ र १५-८ आफ्नो पोल्टामा पार्न सफल भयो ।

महिलातर्फ नेपाल पुलिस क्लबले पिएम कप एनभिए भलिबल लिगको उपाधि जित्न सफल भयो । टिप टप न्यु डायमण्ड युथ स्पोर्टस क्लबलाई ३-१ ले हराउँदै पुलिसले उक्त प्रतियोगितामा ह्याट्रिक गर्न सफल भएको छ । पुलिसले फाइनलमा २५-२०, २२-२५, २८-२६ र २५-१४ को सेटमा जित निकालेको हो । यता पुरुषतर्फ नै नेपाल पुलिस क्लबले तेस्रो स्थान हात पारेको छ । त्रिभुवन आर्मी क्लबलाई ३-१ ले हराउँदै पुलिस तेस्रो भएको हो । यस्तै महिलातर्फ एभरेष्ट भलिबल क्लबले तेस्रो स्थान प्राप्त गरेको छ । नेपाल एपिएफ क्लबलाई ३-१ सेटले हराउँदै एभरेष्टले तेस्रो भएको हो । प्रतियोगिताका उपाधि विजेता टोलीले ८ लाख, उपविजेताले ४ लाख र तेस्रो स्थान हासिल गर्ने टोलीले २ लाख रुपैयाँ प्राप्त गरे । विधागत उत्कृष्ट खेलाडीले २५ हजार रुपैयाँ पुरस्कार पाए । प्रतियोगितामा महिलातर्फ नेपाल पुलिसकी उषा भण्डारी र पुरुषतर्फ हेल्प नेपालका मुशवहर रजा उत्कृष्ट हुँदै जनही नगद रु ५०/५० हजार हात पारे । विजयी खेलाडीहरुलाई राष्ट्रिय खेलकुद परिषद (राखेप) का सदस्य सचिव टंकलाल घिसिङ, नेपाल भलिवल संघका अध्यक्ष जितेन्द्र बहादुर चन्द, प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोज कुमार गुरुङ, परिषदका सदस्य सचिव श्रीधर शर्मा लगायले पुरस्कार वितरण गरे ।

# पोखरामा भेट्रान्स टेनिस प्रतियोगिता शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

कास्की जिल्ला टेनिस संघको आयोजना तथा प्याराडिसो स्पोर्ट बारको सहयोगमा पोखरामा बिहीबारदेखि कास्की भेट्रान्स सिंगल तथा डबल्स टेनिस प्रतियोगिता शुरु भएको छ ।

संघ कास्कीका अध्यक्ष राजकुमार गुरुङ र प्याराडिसोका सञ्चालक गोपीबहादुर भट्टराईले अफिसियल सन्दिप विकलाई टेनिस बल हस्तान्तरण गदै प्रतियोगिताको शुरुवात गरे । खेलको नतिजाबाट कास्कीका भेट्रान्स खेलाडीहरुको रेंकिङ समेत गरिने भएकाले यो प्रतियोगिताको विशेष महत्व रहेको आयोजक संघ कास्कीका अध्यक्ष राजकुमार गुरुङले बताउनुभयो । टेनिसतर्फ भेट्रान्स खेलाडीहरु आकर्षण बढ्दै गएको अवस्थामा उनीहरुको खेल कौशल बढाउन यस्ता प्रतियोगिताहरु सञ्चालन भइरहनुपर्ने सहयोगी गोपीबहादुर भट्टराईको भनाई छ । प्रतियोगितामा सिंगलतर्फ १६ जना र डबल्सतर्फ १२ टिमको सहभागिता रहेको टुर्नामेण्ट डाइरेक्टर प्रदीप खड्काले जानकारी दिनुभयो । प्रतियोगिको पहिलो दिन सिंगलतर्फ राज गुरुङले राजकुमार गुरुङलाई ६-४, ६-३ ले, प्रकासराज वाग्लेले दुर्गा सुनारलाई ६-४, ३-६ र सुपरटाईमा १०-५ को प्रतिस्पर्धात्मक खेलमा पराजित गरे ।

त्यसैगरि गोपी भट्टराईले हर्क गुरुङलाई ६-२, ६-१ ले, लक्ष्मण तामाङले पदम गुरुङलाई ६-२, ७-६ ले, धरमबहादुर लामिछानेले केबी लामालाई ४-६, ६-० र सुपरटाईमा १०-४ ले, शरण गुरुङले बिरेन्द्र लामालाई ६-२, ७-५ ले पराजित गरे । डबल्सतर्फ दोर्जे लामा र उज्वल तज्याको जोडीले प्रकासराज वाग्ले र इन्द्र गुरुङको जोडीलाई ७-६ र ६-३ ले पराजित गरेका छन् ।

# अन्तर वडा स्तरीय फुटबलको फाइनलमा वडा न. १ र १५ भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ



हेमजा यूनाइटेडको आयोजनामा"युवा एकता र विकासका लागि खेलकुद"भन्ने मूल नाराका साथ जेष्ठ १० गते देखि जारी अन्तर वडा स्तरीय फुटबल प्रतियोगिताको बिहीबार सेमिफाइनलका खेल सम्पन्न भएको छ ।

विहिवार भएको वडा ना।२५ र १ बिचको सेमिफाइनल खेलको निंधारित समयमा दुवै टिमले २/२ गोल बाराबरीको नतिजा निकाल्दा खेल ट्राइवेकरमा परिणत भयो । जसमा वडा ना।१ ले वडा नं.२५ लाई ५-३ को गोल अन्तरले पछि पार्दै फाइनल प्रवेश गरेको हो । जितका लागि वडा न १ का जर्सी नं। ७ का ईश्वर गुरुङ, जर्सी नं।१० का मिलन गुरुङ, जर्सी ना।२ का अन्तिम गुरुङ, जर्सी ना। १६ का असीम र जर्सी ना।९ का बासूँ जी।सिले क्रमशः १/१ गोल गरेका थिए । वडा ना।१ का जर्सी नं।९ का बासूँ जी।सी उक्त खेलको म्यान अफ दि म्याच घोषित भए । सोही दिन भएको दोस्रो सेमिफाइनल खेलमा वडा नं। १५ ले वडा ना।५ लाई ४-१ को गोल अन्तरले पछि पार्दै वडा ना।१५ले फाइनलको यात्रा शुनिशच्ति गऱ्यो । जितका लागि वडा १५ का जर्सी ना। २३ का इन्द्र थापाले २ गोल गरे साथै जर्सी न. १२ का मिलन गुरुङ र जर्सी न. ७७ का सोम गुरुङ, १/१ गोल गरे । उक्त खेलमा वडा ना।१५ का जर्सी ना।१२ का मिलन गुरुङ म्यान अफ दि म्याच घोषित भए । जेष्ठ १७ गते वडा ना। १ र १५ विचको फाइनल खेल दिनको ठिक १ऽ०० बजे हुने खेल संयोजक इन्द्र बहादुर कुवारले जानकारी दिए । यता युनाइटेडका अध्यक्ष कृष्णमान श्रेष्ठका अनुसार उक्त प्रतियोगिताको विजेताले नगद रु १ लाख ११ हजार १११ र उप-विजेताले नगद रु ५५ हजार ५५५ साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । उत्कृष्ट विधागत पुरस्कार तर्फ सर्वाधिक गोलकता, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्डर,उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट फरवार्डलाई प्रत्येक विधामा नगद रु २ हजार साथमा ट्रफि साथै प्रतियोगिता अवधिभरको उत्कृष्ट खेलाडीलाई नगद रु ५ हजार साथमा ट्रफी प्रदान गरिने जानकारी दिए । क्वाटर फाइनल देखिका म्याचहरूमा म्यान अफ दि म्याच घोषण गरी ट्रफी प्रदान गरिएको अध्यक्ष श्रेष्ठले थप उल्लेख गरे । जेष्ठ १७ गते सम्म चल्ने उक्त प्रतियोगितामा ३५ वर्ष भन्दा माथि उमेर समूहको सहभागिता रहेको छ । पोखरा महानगरपालिका तथा वडा ना। २५ को संरक्षणमा प्रतियोगिता आयोजना गरिएको हो । गण्डकी प्रदेश फुटबल सङ्घ, कास्की जिल्ला फुटबल सङ्घ, र जिल्ला फुटबल समितिको विशेष सहयोगीको भूमिका रहेको छ ।

# 'राइड सेयरिङ'विरुद्ध गण्डकीका यातायात व्यवसायी

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

गण्डकी प्रदेश सरकारले 'राइड सेयरिङ' कम्पनीलाई वैधानिकता दिएपछि यातायात व्यवसायीले त्यसको विरोध गरेका छन् ।

सार्वजनिक यातायात बचाउ सङ्घर्ष समितिले बुधबार पोखरामा पत्रकार सम्मेलन गरेर उक्त नियमावली खारेज हुनुपर्ने बताएको छ । प्रदेश सरकारले राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली स्वीकृत गरी यही जेठ १ गते प्रदेश राजपत्रमा प्रकाशन गरेको हो । सङ्घर्ष समितिका संयोजक केदारप्रसाद पौडेलले राइड सेयरिङ नियमावलीलाई प्रदेश सरकारले फिर्ता नलिए शुक्रबारदेखि गण्डकी प्रदेशमा सार्वजनिक यातायात सेवा बन्द गरिने बताउनुभयो ।

प्रदेश सरकारले सर्वोच्च अदालतको फैसलालाई आधार मानेर राइड सेयरिङ कम्पनीलाई वैधानिकता दिन नियमावली जारी गरेको जनाएको छ । सर्वोच्च अदालतले राइड सेयरिङ कम्पनीलाई उपभोक्ताको हक, श्रम र रोजगारीजस्ता मौलिक हकसँग जोड्दै कानुनी व्यवस्था गर्न आदेश दिएको थियो ।

यातायात व्यवसायीले भने सवारी तथा यातायात व्यवस्था ऐन २०४९ विपरीत रातो नम्बर प्लेट भएका सवारीसाधनले यात्रु बोक्न नपाउने भन्दै राइड सेयरिङको विरोध गर्दै आएका छन् ।

# गणतन्त्रको वारे भद्रकाली माविमा चर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ



गणतन्त्र दिवसको पावन अवसरमा श्री भद्रकाली माध्यमिक विद्यालय कुँडहर कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूका लागि गणतन्त्र दिवस, विद्यार्थी र हाम्रो दायित्व विषयक अन्तरक्रिया कार्यक्रम विहीवार सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथि इतिहासविद डा. ज्ञानबहादुर कार्कीले गणतन्त्रको इतिहास, नेपालमा यसको स्थापनाको पृष्ठभूमि र गणतन्त्रबाट नागरिकले प्राप्त गरेका अधिकारबारे प्रकाश पारे । गणतन्त्रलाई बलियो, सबल र संस्थागत बनाउनका लागि हामी सबै मिलि हातेमालो गर्दै देश विकासमा जुट्न पर्नेमा जोड दिए । अव विद्यार्थीहरूले सचेत, जिम्मेवार र अनुशासित नागरिकका रुपमा आफुलाई तयार पार्नुपर्ने कुरामा कार्की भने । कार्यक्रममा विद्यालयका सामाजिक अध्ययन शिक्षक राजेन्द्र भण्डारीको अध्यक्षतामा सुरू भएको कार्यक्रममा गणतन्त्रको अवधारणा, नागरिक कर्तव्य तथा विद्यार्थीहरूले निर्वाह गर्नुपर्ने सामाजिक जिम्मेवारीबारे छलफल गरे । कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूले आयोजित कार्यक्रमको समापन गर्दै अध्यक्षता गर्नुभएका शिक्षक राजेन्द्र भण्डारीले धन्यवाद ज्ञापन गर्दै यस्ता गतिविधिहरूले विद्यार्थीको समग्र शैक्षिक विकासमा योगदान पुऱ्याउने बताए । आगामी दिनमा अझै यस्ता रचनात्मक कार्यलाई कक्षाकोठाबाट अगाडि वढाउदै लै जाने योजना भण्डारीले सुनाए ।

# तीन अंम्चुरे टोलको अध्यक्षमा बुद्धिवहादुर वराल

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ



पोखरा महानगरपालिका वडा नं १३ स्थित तीन अंम्चुरे टोल विकास संस्थाको १३ औ साधारण सभा तथा सातौ अधिवेशनले बुद्धिवहादुर वराललाई अध्यक्ष पदमा चयन गरेको छ ।

सभाले संस्थाको उपाध्यक्षमा हिरा वहादुर रानाभाट, सचिवमा पुरुषोत्तम सापकोटा, कोषाध्यक्षमा राधा कृष्ण देवकोटा र सह सचिवमा सुमित्रा रानाभाट चयन गरेको हो । त्यसैगरी सदस्यहरुमा क्रमश हरिप्रसाद वाँस्तोला र शिव शंकर आचार्य रहेका छन् ।

वडा नं १३ का वडा सदस्य बलवहादुर वरालले सभाको उद्घाटन गर्दै टोलमा गरेका कार्यको प्रशंसा गर्दै सवै सदस्य एक जुट भएर अगाडि बढ्न अनुरोध गरे । तीन अंम्चुरे टाल विकास संस्थाको सदस्यहरुको तर्फवाट समाजसेवी गणेशप्रसाद आचार्यले आँफुले गरेका कार्यले अरुलाई असर पार्न नहुने धारणा राखे ।

जीवानमा अगाडि बढ्दा निस्वार्थ रुपमा व्यवहार गर्नु पर्नेमा समाजसेवी आचार्यले जोड दिए । तीन अंम्चुरे टोल विकास संस्थाका अध्यक्ष इन्द्रवहादुर कुँवरको अध्यक्षतमा भएको कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष रमा कार्की, पूर्व उपाध्यक्ष विष्णुमाया अधिकारी, पूर्व कोषाध्यक्ष कमल खनाल, उद्गम टोल विकास संस्थाका अध्यक्ष हर्कवहादुर गुरुङ, कामना टोल विकास संस्थाका पूर्व अध्यक्ष कृष्णराज गौतम, वाँझापाटन टोल विकास संस्थाका अध्यक्ष रामलाल सुनार, पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल लगायत वोलेको कार्यक्रममा सस्थाका सदस्य राधाकृष्ण सापकोटाले स्वागत र सचिव पुरुषोत्तम सापकोटाले साहित्यमय लयमा कार्यक्रम संचालन गरेका थिए ।

# एक्सपर्ट एजुकेसन ईन्टर स्कुल ब्वाईज टि-२० क्रिकेट प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

पोखरामा जेठ तेस्रो सातादेखि एक्सपर्ट एजुकेसन ईन्टर स्कुल ब्वाईज टि-२० क्रिकेट च्याम्पीयनसीप हुने भएको छ ।

पोखरा महानगर क्रिकेट संघको आयोजना तथा एक्सपर्ट एजुकेसन कन्सल्टेन्सीको प्रायोजनमा हुने च्याम्पीयनसीप जेठ १७ गतेदेखि २४ गतेसम्म हुने विहीबार पोखरामा पत्रकार सम्मेलन गरेर जानकारी दिइएको हो । च्याम्पीयनसीपमा १२ स्कुलले सहभागिता जनाउने आयोजक पोखरा महानगर क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए । च्याम्पीयनसीपमा त्रिवेणी पव्लिक स्कुल, मदरल्याण्ड सेकेण्डेरी स्कुल, वराही मावि, एसओएस, रत्नज्योति सेकेण्डरी स्कुल, डायमण्ड सेकेण्डरी स्कुल, प्रतिभा मावि, जुनियर सिटिजन एकेडेमी, कुमुदिनी होम्स, न्यू लाईट सेकेण्डरी स्कुल, सृजना मावि र अमरसिंह माविले सहभागिता जनाउने उनले बताए । च्याम्पीयनसीपमा सहभागि स्कुलहरुलाई चार समूहमा विभाजन गरेर खेलाईने भएको छ । जसको समूह 'ए' मा त्रिवेणी पव्लिक स्कुल, मदरल्याण्ड सेकेण्डेरी स्कुल र वराही मावि छन् भने समूह 'बी' एसओएस, रत्नज्योति सेकेण्डरी स्कुल र डायमण्ड सेकेण्डरी स्कुल रहेका छन् । त्यस्तै, समूह 'सी'मा प्रतिभा मावि, जुनियर सिटिजन एकेडेमी र कुमुदिनी होम्स छन् भने समूह 'डी'मा न्यू लाईट सेकेण्डरी स्कुल, सृजना मावि र अमरसिंह मावि रहेको अध्यक्ष पुनले जानकारी दिए ।

# पौडी खेल्ने क्रममा डुबेर दुई बालकको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

पोखरा महानगरपालिका-२५ मर्दी खोलाको ड्याममा बिहीबारपौडी खेल्ने क्रममा डुबेर दुई बालकको मृत्यु भएको छ ।

साथीहरुका साथमा पौडी खेल्न गएका माछापुच्छ्रे गाउँपालिका-६ अस्तामका १४ वर्षीय विशाल परियार र १३ वर्षीय विवश परियारको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो ।

सशस्त्र प्रहरी बल कालिका गण मालेपाटनको गोताखोरसहितको उद्धार टोलीले उनीहरुको उद्धारको प्रयास गरेको थियो । अस्तामका ६ बालक मर्दीमा पौडी खेल्न गएका थिए । मृतकको शव परीक्षणका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल लगिएको प्रहरी नायब उपरीक्षक बस्नेतले जानकारी दिनुभयो ।

# चेतनाको लागि सहयोगीमा ६३ जना सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ




पोखरा महानगरपालिका वडा नं १३ स्थित चेतनाको लागि सहयोगी हातले हालै सम्मान कार्यक्रम गरेको छ ।

संस्थामा सहयोग गर्ने सहयोगीमन, खाध्यन्न सहयोगी र नगद सहयोग गर्ने ६३ जनालाई एक कार्यक्रम विच सम्मान गरिएको हो । वडा नं १३ का वडा सदस्य सुचित तामाङले सम्मान कार्यक्रमले समाजमा सकारात्मक सन्देश जाने भनिन् ।

चेतनाको लागि सहयोगी हाताका अध्यक्ष तिलक वहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष डिएसपी लक्ष्मण गुरुङले स्वागत, विजय आधरभुत विद्यालयका प्रधानाध्यापक कृष्ण मोहन ढकाल, शिक्षासेवी राजेन्द्र भण्डारी, पाहरा ट्रष्टको अध्यक्ष विजुली वहादुर गुरुङ लगायत वोलेको कार्यक्रममा सचिव गंगा वहादुर गुरुङले संचालन गरेका थिए ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जसलाई आशा कहिल्यै लाग्दैन, ऊ कहिल्यै निराश पनिहुँदैन । - वनार्ड शा

## सम्पादकीय

# सन्तुलित बजेट : कार्यान्वयनमा शंका

सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएको छ। उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीबार सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको आय-व्ययको अनुमान पेस गरेका छन्। "आगामी आर्थिक वर्षको बजेटमा चालुतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड अर्थात् ६० दशमलव एक प्रतिशत, पुँजीगततर्फ चार खर्ब सात अर्ब ८९ करोड अर्थात् २० दशमलव आठ प्रतिशत र वित्तीय व्यवस्थापमामा तीन खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९ दशमलव एक प्रतिशत विनियोजन गरिएको छ।

आगामी आर्थिक वर्षको व्ययको अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा पाँच दशमलव छ प्रतिशत र संशोधित अनुमानको तुलनामा १८ दशमलव दुई प्रतिशतले बढी हो। कुल विनियोजनमा प्रदेश र स्थानीय तहका लागि वित्तीय हस्तान्तरणतर्फ चार खर्ब १७ अर्ब ८३ करोड विनियोजन गरिएको छ। आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट १३ खर्ब १५ अर्ब र वैदेशिक अनुदानबाट ५३ अर्ब ४५ करोड उठाइने अनुमान गरिएको छ। बाँकी पाँच खर्ब ९५ अर्ब ६६ करोड बराबर न्यून हुने छ। त्यसका लागि आन्तरिक ऋणबाट तीन खर्ब ६२ अर्ब र बाह्य ऋणबाट दुई खर्ब ३३ अर्ब ६६ करोड बेहोरिने अर्थमन्त्री पौडेलले बताए।

अर्थतन्त्र विकासको गति सुस्त छ। यस्तो अवस्थामा सरकारले विभिन्न आश्वासन देखाउँदै ठूलो आकारको बजेट ल्याएको छ। प्रत्येक आर्थिक वर्षमा सरकारले बजेटको आकार बढाउने गर्छ र तर समिक्षा मार्फत भने घटाउने गरेको छ। सरकारले ल्याएको बजेट खर्च गर्न सक्छ की सक्दैन भन्ने कुरा महत्वपूर्ण हुन्छ। यसरी गरिने खर्चको स्रोत जुटाउन सरकार सक्षम छ कि छैन भन्ने मुख्य कुरा हो। सरकारले ल्याएको बजेटका लागि राजस्व, अनुदान र ऋणबाट स्रोत जुटाइने भनिएको छ। जसमा राजस्वबाट १३ खर्ब १५ अर्ब, वैदेशिक अनुदानबाट ५३ अर्ब ४५ करोड, वैदेशिक ऋणबाट २ खर्ब ३३ अर्ब र आन्तरिक ऋणबाट ३ खर्ब ६२ अर्ब स्रोत जुटाइने भनिएको छ।

सरकारले बजेटमा राजस्वबाट १३ खर्ब बढी स्रोत जुटाउने भनेपनि यो रकम जुटाउन चुनौतीपूर्ण देखिन्छ। बजटे भाषण गर्दैगर्दा अर्थमन्त्री आफैले पनि राजस्व बचत न्यून हुँदै गएको र आमदानीको स्रोत साँघुरिँदै गएको उल्लेख गरेका छन्। राजस्वको वर्तमान संरचनालाई आन्तरिक उत्पादनमा आधारित, फराकिलो र दिगो बनाउने नै चुनौती रहेको उनले उल्लेख गरेका थिए। राजस्व चुहावट मुख्य चुनौती बनिरहेका बेला सरकारले बजेटमार्फत राजस्व चुहावट नियन्त्रणका उपायहरु समेत समावेश गरेको छ। छिमेकी मुलुकसँग द्विपक्षीय व्यापार सम्बन्धी तथ्यांक र सूचना आदान प्रदान गर्ने प्रणाली विकास गरी राजस्व चुहावट जोखिम न्यूनीकरण गरिने बजेटले उल्लेख गरेको छ। राजस्व चुहावट नियन्त्रण गर्न इन्टेलिजेन्समा आधारित अनुसन्धान प्रणाली विकास गरिने र राजस्व परिचालनसँग सम्वद्ध निकायहरूबीच सूचना आदान प्रदान तथा संयुक्त अनुगमनलाई प्रभावकारी बनाईने भनिएको छ।

राजस्व प्रशासनको विशिष्टिकरण, क्षमता विकास र दक्षता अभिवृद्धि गर्दै राजस्व सेवालाई पेपरलेस, कन्ट्याक्टलेस तथा फेसलेस बनाउँदै लगिने सरकारले योजना बनाएको छ। प्रमुख भन्सार नाकामा एकीकृत जाँच चौकीको स्थापना तथा स्तरोन्नति गरिने, आन्तरिक राजस्व परिचालन रणनीति र भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजना बमोजिमका सुधार कार्यलाई तीब्रता दिइने भएको छ। अहिले बैंक तथा वित्तीय संस्था र सहकारीमा देखिएका समस्याहरु सम्बोधन गर्न खोजेको छ। बैंकहरुको खराब कर्जा व्यवस्थापनका लागि बजेटले छुट्टै कम्पनी स्थापना गर्ने र नियो बैंक स्थापना गर्ने भनेको छ। सरकाले बजेट मार्फत सहकारी पीडितहरुको समस्या समाधान गर्ने प्रतिवद्धता जनाएको छ। सहकारी संस्थामा रहेको पाँच लाखसम्मको बचत रकमको निक्षेप तथा कर्जा सुरक्षण कोषमार्फत निक्षेप सुरक्षण गरिने बजेटले भनेको छ। सहकारीको रकम अपचलन गर्नेको सम्पत्ति लिलाम बिक्री गरी प्राप्त हुने रकम बचतकर्तालाई फिर्ता गर्न चक्रीय कोष स्थापनाका लागि वीउ पुँजीको व्यवस्था गर्ने घोषणा गरिएको छ।

सहकारी ऋण असुली न्यायाधिकरण स्थापना गरिने, समस्याग्रस्त सहकारीका सञ्चालक, पदाधिकारी र कर्जा अपचलनकर्ताको सम्पत्ति एवम् राहदानी रोक्का गरिने व्यवस्था बजेटले गरेको छ। आागामी आवको बजेटले ५ लाख भूमिहीनलाई जग्गाधनी प्रमाणपूर्जा दिने, स्टार्टअपलाई ३ प्रतिशतमा ऋण दिनेदेखि कर छुट गर्ने व्यवस्था गरेको छ। होटल उद्योगलाई उत्पादनमूलक उद्योग सरहको सुविधा, निजी क्षेत्रसँग सहकार्यमा डाटा सेन्टर बनाइने, दलितलाई डाक्टर पढाउन २ अर्ब छात्रवृत्ति, विद्यार्थीले पढ्दै कमाउन गर्ने वातावरण बनाउने, युवालाई २० लाखसम्म सहुलियत कर्जा, महिलाको नाममा उद्योग दर्ता निःशुल्क गर्ने लगायतको व्यवस्था बजेटले गरेको छ।

डिजिटल भुक्तानीमा लाग्ने मूल्य अभिवृद्धि कर (भ्याट) सरकारले खारेज गरेको छ। नेपालबाट विदेशमा सूचना प्रविधि सेवा निर्यात गर्ने व्यक्तिको आम्दानीमा पाँच प्रतिशतमात्रै आयकर लाग्ने व्यवस्था गरेको छ। नयाँ बजेटमा स्रोत सीमित भएकाले उल्लेख्य नयाँ कार्यक्रमहरू भने आएका छैनन्। सरकारले केहि संख्यामा मात्रै नयाँ कार्यक्रमहरु ल्याएको छ। सरकारले शिक्षक बैंकको स्थापना गर्ने, त्रिभुवन विमानस्थललाई बुटिक विमानस्थलमा रुपमान्तरण गर्ने, स्नातक तह उर्त्तीण गरेका विद्यार्थीलाई स्वमयंमसेवक शिक्षकका रुपमा परिचालन गर्नेदेखि चामलमा आत्मनिर्भर हुने लक्ष्य समेत राखेको छ। एनआरएनलाई दोस्रो बजारमा कारोबार गर्न दिने भएको छ। नयाँ बजेटले नेपालीलाई विदेशमा लगानी गर्ने बाटो खोलिदिएको छ। यसबाहेक बजेटले मदिरा, वियर, सूर्ति र चुरोटको आयातमा लाग्दै आएको भन्सार महसुल दरमा वृद्धि गरेको छ। भन्सार महसुलका केही दरमा समायोजन गरेको छ। विद्यमान अन्तःशुल्क दरमा सामान्य वृद्धि गरेको छ।

स्वास्थ्य जोखिम करको दायरा विस्तार गरेको छ। कर छुट, सहुलियत तथा सुविधालाई समयानुकूल परिमार्जन गरी कर खर्च प्रणालीलाई औचित्यपूर्ण बनाउने बजेटले उल्लेख गरेको छ। उच्चस्तरीय कूटनीतिक भ्रमण तथा नेपाल सदस्य रहेको अन्तर्राष्ट्रिय संस्थामा अनिवार्य प्रतिनिधित्व गर्नुपर्ने अवस्थामा बाहेक नेपाल सरकारको स्रोतमा वैदेशिक भ्रमण गर्न नदिने बजेटले व्यवस्था गरेको छ। सामाजिक सुरक्षा भत्ताको भार बहिरहेको बेला सरकारले भत्ता पाउने उमेर बढाएर ७० वर्ष पुर्याएको छ। बजेटका समग्र बुँदा हेर्दा शिथिल अर्थतन्त्रमा गतिशीलता र विकासमा तीव्रता आउने देखिन्छ। निजी लगानी अभिवृद्धि गर्न, आर्थिक क्रियाकलाप विस्तार गर्न, उद्यमशीलताको विकास गर्न र अर्थतन्त्रमा विविधीकरण ल्याई रोजगारीको अवसर सिर्जना गर्न महत्त्वपूर्ण योगदान गर्न सक्ने देखिन्छ। बजेटको कार्यान्वयनबाट आर्थिक सुधारले गति लिने र उच्च एवम् दिगो आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न अनुकूल अवस्था सिर्जना हुने अपेक्षा गर्न सकिन्छ। तर, विगतको अभ्यास हेर्दा बजेटका बुँदाहरु राम्रा आउने तर कार्यान्वयन पाटो भने फितलो हुने गरेको उदाहरणहरु थुप्रै छन्। आगामी आवको बजेट पनि कार्यान्वयनयोग्य हुने आंशका गर्ने पर्याप्त ठाउँहरु भने छन्।

# विद्यार्थी सङ्ख्या तीन, शिक्षक, कर्मचारी पनि तीन !

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ जेठ

अन्नपूर्ण गाउँपालिका-५ स्वाँतस्थित शिखर आधार भूत विद्यालयमा शिक्षक र विद्यार्थीको सङ्ख्या बराबर छ।

कक्षा ५ सम्म अध्यापन हुने यो विद्यालयमा तीन जना विद्यार्थी छन्। कक्षा ३ मा दुई र कक्षा ४ मा एक जना विद्यार्थी छन्।

प्रधानाध्यापक रामचन्द्र पाइजाका अनुसार विद्यालयमा एक जना स्थायी दरबन्दी, एक जना निजी स्रोतका शिक्षक र एक जना कार्यालय सहयोगी छन्। "तीन वर्षयता विद्यालयमा विद्यार्थी आएका छैनन्", उहाँले भन्नुभयो, "भएका विद्यार्थी पनि गएपछि बालकक्षा, कक्षा १, २ र ५ विद्यार्थीविहीन भएको छ।

स्वाँत गाउँमा ७० घर भए पनि हाल परिवारको मात्र बसोबास छ। विद्यार्थी सङ्ख्या कम भए पनि विद्यालय सञ्चालन गर्नुपरेको अन्नपूर्ण गाउँपालिकाका शिक्षा अधिकृत गणेशबहादुर कटुवालले बताउनुभयो। स्वाँतको छिमेकी गाउँ किन्दु आधारभूत विद्यालयमा पनि विद्यार्थी सङ्ख्या न्यून रहेको उहाँले बताउनुभयो।

# स्वर्गद्वारी र पोखराले पर्यट प्रवर्द्धन गर्न मिलेर काम गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

स्वर्गद्वारी नगरपालिकाका प्रमुख टेकप्रसाद भण्डारीले स्वर्गद्वारीबाट पर्यटकलाई पोखरा लैजान र पोखराबाट स्वर्गद्वारी पर्यटक ल्याउन सहकार्य गर्ने बताएका छन्।

पृथ्वी होटल व्यवसायी समितिको भ्रमण टोलीलाई बिहीबार स्वर्गद्वारी नगरपालिकामा स्वागत गर्दै उनले यस्तो बताएका हुन्। उनले पोखरा भ्रमण वर्ष २०२५ को अबसरमा आफूले र नगरपालिकाका बासिन्दा पोखरा भ्रमण गर्ने समेत बताए। देशकै पर्यटकीय राजधानी पोखरा र पोखरा महानगरले पोखरा भ्रमणका लागि अभिप्रेरित गर्न पोखरा भ्रमण वर्ष २०२५ घोषणा गरेको प्रति आफूहरु प्रभावित भएको बताएका उनले पोखरा भ्रमण वर्ष सफल पार्दा समग्र पर्यटकीय क्षेत्रमा नै सकारात्मक प्रभाव पर्ने अपेक्षा प्रकट गरे।

स्वर्गद्वारीमा पनि धार्मिक स्थलहरु प्रशस्त रहेको चर्चा गरेको उनले शान्ति स्तम्भ पार्क निर्माण गरिएको र १७ जेठमा संघीय पर्यटनमन्त्री बद्री पाण्डेबाट उद्घाटनको तयारी गरिरहेको जानकारी दिए। यस्तै चतुरभुज धामको भौतिक विकास लगायतका काममा आफूहरु लागेको उनले बताए।

स्वर्गद्वारी नगरपालिकाका उपप्रमु मीनराज रानामगरले स्वर्गद्वारी आउने पर्यटकलाई पोखरा हुँदै मुक्तिनाथसम्म कसरी जोड्ने विषयमा छलफल गर्न र सहकार्य गर्न आफ्नो नगरपालिका तयार रहेको बताए। उनले पोखराको प्राकृतिक सौन्दर्यता र त्यहाँ प्राप्त हुने आतिथ्यताबाट आफू निकै प्रभावित भएको एल्लेख गरे। उनले स्वर्गद्वारी महाप्रभु धार्मिक पर्यटकीय स्थलका बारेमा पोखरामा र पोखराको विन्ध्यवासिनीसहित त्यहाँ रहेका धार्मिक एवं पर्यटकीय स्थलको बारेमा स्वर्गद्वारीमा जानकारी दिन सके धेरै पर्यटक भित्र्याउन सकिने धारणा राखे। स्वर्गद्वारीमा स्तरीय होटल सञ्चालन, लागानी प्रर्वद्धन र पर्यटक आदान प्रदानका लागि पोखरामै आएर छलफल गर्न आफूहरु तयार रहेको उनले जानकारी दिए।

पृथ्वी होटल व्यवसायी समितिका अध्यक्ष अम्बिका घिमिरे (अमृत) ले देशकै पर्यटकीय राजधानी पोखरामा पोखरा भ्रमण वर्षको अवसरमा प्राप्त छुट प्याकेजको सुविधा लिन आग्रह गरे। उनले आवास र भोजनमा २० प्रतिशत छुटको व्यवस्था, साहसिक खेल र घुम्ने स्थलमा घुम्नका लागि प्याकेजमा १० प्रतिशतको छुटको व्यवस्था गरिएको जानकारी दिए। पृथ्वी होटल व्यवसायी समितिका निवर्तमान अध्यक्ष बालकृष्ण न्युरेले पोखराको प्राकृतिक सौन्दर्य, आतिथि सत्कार र पोखरा भ्रमण वर्ष २०२५ को अबसरमा दिइएका छुट प्याकेजको बारेमा जानकारी दिए। उनले स्वर्गद्वारीका पर्यटन व्यवसायी र जनप्रतिनिधिलाई पोखरा भ्रमणका लागि निम्ता दिए।

सोमबार विहान पोखराबाट पश्चिम नेपाल तर्फ आन्तरिक पर्यटक बोलाउन निस्केको टोलीले सोमबार, लमही होटल व्यसायी समिति, कपिलबस्तुका होटल व्यवसायी, देउखुरीका होटल व्यवसायी, तुलसीपुरका होटल व्यवसायी, कोहोलपुरका होटल व्यवसायी, होटल अर्गनाईजेशन वर्दिया, गुरिया नगरपालिका, बर्दियाका पत्रकारसंग भेटघाट कार्यक्रम गर्दै नेपालगञ्ज, धनगढी, अत्तरिया, महेन्द्र नगर, चिसापानी हुदै स्वर्गद्वारी पुगेको हो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यासित लाभ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# कृषकलाई सीपसँगै मौरीघार वितरण

**पोखरापत्र संवाददाता**
दमौली, १५ जेठ

जिल्लाको आँबुखैरेनी गाउँपालिकाका कृषकलाई सीपसँगै मौरीघार वितरण गरिएको छ। आँबुखैरेनी-६ हिलेखर्कका कृषकलाई मौरीपालनसम्बन्धी तालिमसँगै ७५ प्रतिशत अनुदानमा मौरीघार, मौरी छोप्ने झोला, मौरी घुम्टी वितरण गरिएको हो।

गाउँपालिकालाई मह पालिकाका नामले परिचित गराउने र मह उत्पादनमा आत्मनिर्भर बनाउँदै कृषकलाई व्यावसायिक बनाउन एक सय ९२ थान मौरीघार वितरण गरिएको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो। हिलेखर्क मौरीपालनका लागि उपयुक्त रहेको भन्दै उहाँले मौरीपालन सजिलो हुनुका साथै आम्दानीको स्रोत सुनिश्चित हुने भएका कृषकलाई यो व्यवसायमा आबद्ध गराउन पहल थालिएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "पालिकाको चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रमबमोजिम कृषकलाई तालिम दिएर मौरीघार वितरण गरेका छौँ। पालिकालाई मह उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्य लिएका छौँ।" मौरीपालन कार्यक्रमले कृषकहरू उत्साहित भएका र यस व्यवसायले कृषकको जीवनशैलीमा परिवर्तन ल्याई आर्थिक समृद्धि प्राप्त गर्न सकिने गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो। जिल्लास्थित कृषि ज्ञान केन्द्रले आँबुखैरेनी-५ का कृषकलाई ९० प्रतिशत अनुदानमा मौरीसहितको घार वितरण गरेको छ। केन्द्रले ग्रामीण पोषण सुरक्षण कार्यक्रमअन्तर्गत आँबुखैरेनी गाउँपालिकाको समन्वयमा अनुदानमा मौरीघार वितरण गरेको हो। आँबुखैरेनी-५ माई छिम्केश्वरी कृषक समूहलाई मौरीसहितका घार, महदानी वितरण गरिएको केन्द्र प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो। उहाँका अनुसार कृषकलाई एक सय थान मौरीघार वितरण गरिएको छ। उहाँले भन्नुभयो, "कृषकलाई आत्मनिर्भर बनाउने उद्देश्यसहित सीपसँगै मौरीसहितका घार वितरण गरिएको हो। यसले कृषकलाई आयआर्जनमा जोड्न सहयोग गर्नेछ।" यस ठाउँमा मौरीपालनको उपयुक्त सम्भावना रहेकाले कृषकलाई मौरीपालन व्यवसायमा आबद्ध गराउन खोजिएको उहाँको भनाइ छ।

आँबुखैरेनी-५ का वडाध्यक्ष सन्तोष गुरुङले यहाँका अधिकांशको आम्दानीको प्रमुख स्रोत कृषि भएकाले मौरीपालन व्यवसाय उपयुक्त रहेको बताउनुभयो। कृषकलाई स्वरोजगार बनाउँदै महमा आत्मनिर्भर बनाउने उहेश्य रहेको भन्दै आगामी दिनमा कृषिसम्बन्धी अन्य कार्यक्रम पनि गाउँपालिकाको समन्वयमा ल्याइने उहाँको भनाइ छ।

# म्याग्देका विद्यालयमा दिवा खाजा कार्यक्रम लागू

**पोखरापत्र संवाददाता**
दमौली, १५ जेठ

म्याग्दे गाउँपालिकाका २२ वटा सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम लागू गरेपछि यहाँका बालबालिका नियमित विद्यालय जान थालेका छन्। सङ्घीय सरकारको आर्थिक सहयोगमा बालविकास केन्द्रदेखि कक्षा पाँचसम्मका विद्यार्थीका लागि दिवा खाजाको व्यवस्था गरेपछि विद्यालय जानेको सङ्ख्या बढेको हो।

दिवा खाजामा पौष्टिक आहारसहितको व्यवस्था गरिएकाले कुपोषण हुने बालबालिकाको सङ्ख्यामा कमी आएको म्याग्दे शिक्षा शाखाका अधिकृत विष्णुखत्री क्षेत्रीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "विद्यालयमा खाजाको व्यवस्था गरिएपछि विद्यालय नजाने र गएका पनि बीचमै छाडेर हिड्ने प्रवृत्ति पनि रोकिएको छ।" उहाँका अनुसार गाउँपालिकाभित्र रहेका २२ वटा विद्यालयमा एक हजार ७२८ जना बालबालिका दिवा खाजा कार्यक्रममा समावेश भएका छन्। चालु आर्थिक वर्षका लागि दैनिक रु १५ का दरले एक सय ८० दिनका लागि रु ५० लाख ८७ हजार खर्च हुने अनुमान गरिएको शिक्षा अधिकृत क्षेत्रीले बताउनुभयो। उहाँका अनुसार म्याग्दे-२ स्थित राधा मावि र वडा नं ४ स्थित मिन माविले अन्य विद्यालय तुलनामा कम खर्चमा पनि गुणस्तरीय खाजा खुवाउन सकिन्छ भन्ने सन्देश दिएको छ। उहाँले भन्नुभयो, "धेरै विद्यार्थी रहेका ती दुई विद्यालयले थोरै बजेटमा पनि गुणस्तरीय खाजा खुवाउन सकिन्छ भन्ने उदाहरण दिएका छन्, ती विद्यालयको गतिविधि र योजना अन्यले पनि सिक्नुपर्ने आवश्यक छ।"

यसवर्ष दुई विद्यालय गाभिए

चालु आर्थिक वर्षमा जिल्लाका दुई वटा विद्यालय गाभिएका म्याग्दे शिक्षा शाखाले जनाएको छ। म्याग्दे-७ स्थित बेदकालिका आधारभूत र म्याग्दे-४ मा रहेको जनप्रकाश आधारभूत विद्यालय विद्यार्थी सङ्ख्या शून्य भएपछि गाभिएको हो। बेदकालिकालाई सोही वडास्थित मिलीजुली आधारभूत विद्यालयमा र जनप्रकाशलाई मिन माध्यमिक विद्यालयमा गाभिएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार पालिकाभित्र मावि तह छ, कक्षा १-८ सम्म चार र कक्षा १-५ सम्म १२ गरी २२ विद्यालय छन्।

# ५० परिवारलाई रोटरी क्लबद्धारा विद्युतिय चुल्हो सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

रोटरी क्लब अफ पोखरा न्यूरोडको आयोजना र पोखरा महानगरपालिका वडा नं. २२ को कार्यालयको सहकार्यमा उल्लेरी गाउँका ५० घरपरिवारलाई विद्युतिय चुल्हो सहित आवश्यक भाडाहरु विहिबार वितरण गरेको छ।

कार्यक्रमको प्रमुख अतिथि रोटरी इन्टरनेश्नल ३२९२ का गभर्नर इलेक्ट विनोद कोइरालाले सहभागिलाई २००० वाटको विद्युतिय चुल्हो, ३ लिटरको प्रेसर कुकर, दिउरी र कराई सहितको सेट सहभागि मध्ये जेष्ठ नागरिकलाई हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए। साथै उनले विद्युतबाट चल्ने भएकोले प्रयोगमा ल्याउन सुरु सुरुमा अप्ठ्यारो हुने भएकाले इलेक्ट्रिसियनको सहयोग लिनु पर्ने सुझाव दिदैं ग्यास र दाउरामा खाना पकाउन भन्दा सस्तो पर्ने समेत वताए। सो अवसरमा पोखरा महानगरपालिका वडा नं. २२ का वडा अध्यक्ष हिमलाल बरालले रोटरी क्लब संग सहकार्य गरेर आफ्नो वडालाई धुवा मुक्त भान्सा वनाउने अभियानमा जोडिन पाउनु नै गर्वको कुरा भएको वताए। साथै उनले वातावरण जोगाउँदै स्वस्थ रहि आफ्नै देशमा उत्पादन भएको विजुलीको अधिकतम् उपयोग गर्नु पनि नागरिकको कर्तव्य भएको वताए। कार्यक्रममा रोटरी क्लब अफ पोखरा न्युरोडका अध्यक्ष दिपेन्द्र शर्माले आगामि वर्ष पोखरा २२ का सबै घर धुरी धुवा मुक्त वनाउन सबै वडावासीलाई विद्युतिय चुल्हो तथा अन्य आवश्यक किचन सामाग्रीहरु वितरण गर्ने योजना रहेको वताए। क्लबका अध्यक्ष दिपेन्द्र शर्माको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, क्लबका पुर्व अध्यक्षहरु सुवास सिग्देल, गिता सिग्देल, कार्यक्रम संयोजक प्रेम प्रसाद शर्माले वोलेको कार्यक्रमको संचालन सचिव वर्षा केशव पराजुलीले गरेका थिए।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं.१० रामघाट संरक्षण तथा स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः रामघाट संरक्षण तथा स्तरोन्नती
ठेगानाः पोखरा-१०, रामघाट
योजना सम्झौता मितिः २०८१/०९/०९ गते
योजना शुरु हुने मितिः २०८१/०९/०९ गते
योजना सम्पन्न हुने मितिः २०८२/०२/३० गते
योजनाको कुल लागतः रु. १६,५०,१३७.०५
महानगरपालिकाबाटः रु. १४,००,०००।-
जनसहभागिताबाटः रु.२,५०,१३७.०५
अध्यक्षः हरीबहादुर थापा क्षेत्री सम्पर्क नं.: ९८०६७०१००५
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**रामघाट संरक्षण तथा स्तरोन्नती उपभोक्ता समिति**
**पोखरा-१०, रामघाट**

# 'सामाजिक कार्यका विद्यार्थीले समाजमा धेरै योगदान गर्न सक्छन्'

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ




सामाजिक कार्यका विद्यार्थीहरुले समाजमा धेरै योगदान दिन सक्ने बुधबार पोखरामा आयोजित म्वाद कार्यक्रमका वक्ताहरुले बताएका छन् ।

लेकसिटी कलेज एन्ड रिसर्च सेन्टरअन्तर्गत समाज विज्ञान केन्द्रले आयोजना गरेको 'सामाजिक सेवामा सामाजिक कार्यका स्नातक र गैरसरकारी संस्था' विषयक सहयोग सम्वाद कार्यक्रममा उनीहरुले यसबारे चर्चा गरेका हुन् । स्नातक तहमा सामाजिक कार्य विषय अध्ययन अनुसन्धान गराउँदै आएको लेकसिटी कलेजले पछिल्लो समय सरकारी र गैरसरकारी क्षेत्रमा यसको आवश्यकता बढेसँगै सरोकारवालासँग विद्यार्थीको संवाद कार्यक्रम आयोजना गरेको थियो ।

समाजमा सचेतना फैलाउन र शिक्षा तथा सीप विकासमा सामाजिक कार्यका विद्यार्थीको भूमिका महत्वपूर्ण रहेको मानिन्छ । सामाजिक अध्ययन अनुसन्धान र स्वयम्सेवकका रुपमा रहेर पनि उनीहरुले योगदान दिने गरेका छन् । कार्यक्रमका प्रमूख वक्ता गैरसरकारी संस्था महासंघका निवर्तमान अध्यक्ष राम सुवेदीले युवाहरुले समाजको दिगो विकासमा योगदान दिनु पर्ने भएकाले उनीहरुमा नयाँ सोच हुन आवश्यक रहेको बताए। 'सामाजिक कार्यमा आवद्ध संघसंस्था र शैक्षिक संस्थाका वीच सिकाइ तथा अनुभव आदनप्रदान, अध्ययन अनुसन्धान र स्वयम्सेवक परिचालनममा सहकार्य गर्न पर्छ ' सुवेदीको भनाइ छ । गैरसरकारी संस्थाले शिक्षा, स्वास्थ्य, मानवअधिकार, सामाजिक न्याय, आर्थिक सशक्तिकरण लगायतका कार्यमा महत्वपूर्ण योगदान दिएको उनको धारणा छ । नेपालमा नागरिक संस्थाहरु राणाकालिन, पञ्चायतकालिन र बहुदलीय प्रजातन्त्रकालिन गरि तीन चरणमा विकास भएको हो । 'राणा कालमा संघसंस्था खोल्न पाइदैनथ्यो तर पनि चर्खा उद्योग, गुठी र केही धार्मिक संघसंस्था त्यो अवधीमा खोलिएको थियो' उनी भन्छन् । नेपालमा विस २००७ देखि २०१७ सालको अवधीमा रेडक्रस जस्ता संस्थाहरु खोलिएको र विस २०४६ साल पछिको अवधि गैरसरकारी संस्थाका लागि स्वर्णीमकाल रहेको मानिन्छ । विगतमा करुणा, वर्तमानमा अधिकार र भविष्यमा साझेदारीको अवधारणमा गैरसरकारी क्षेत्र अगाडि बढेको उनको भनाइ छ । कोपिला नेपालका कार्यकारी निर्देशक वीना सिलवालले सामाजिक कार्यलाई जागिरका रुपमा भन्दा पनि मानवसेवाका रुपमा हेर्नु पर्ने भन्दै जेसुकै काम गरे पनि सामाजिक भावना भए योगदान गर्न सकिने बताइन् । सिलवालका अनुसार हाम्रो समाजमा देखिएका समस्याहरु विभिन्न खालका विभेदका कारण सृजना भएको हो । आर्थिक, लैंगिक, राजनीतिक, सामाजिक, भौगोलिक, जातीय विभेदका कारण समस्या निम्तिएकाले विभेदरहित भावना हाम्रो मनमा सृजना गर्नका लागि युवाहरु परिवर्तन हुनुपर्नेमा उनको जोड छ । पोखरा रिर्सच सेन्टरका कार्यकारी निर्देशक सुजन रेग्मीले सामाजिक कार्य विषयमा अध्ययनरत विद्यार्थीहरुले अध्ययन, अनुसन्धान,व्यवस्थापन लगायतका क्षेत्रमा आफूलाई कहाँ नेर जोड्न सकिन्छ भनेर ध्यान दिनु पर्ने सुझाव दिएका छन् ।अध्ययन अनुसन्धानले मात्र समाजको वास्तविक धरातल थाहा नहुने भएकाले गैरसरकारी संघसंस्था मार्फत अनुभव लिनु पर्ने रेग्मीको भनाइ छ । एसओएस चिल्ड्रेनका प्रदीप भक्त आचार्यले सामाजिक कार्य अध्ययन अनुसन्धान गरेका युवाहरुको आवश्यकता विभिन्न गैरसरकारी संस्थालाई रहेको बताए । आचार्यले संचार सीप, सूचना प्रविधि र अरु ज्ञानका क्षेत्रमा समेत जानकार भएर अगाडि बढ्न विद्यार्थीहरुसँग आग्रह गरेका छन् । असल छिमेक नेपालका कार्यकारी अधिकृत दिनेश केसीले सामाजिक कार्यको अध्ययनले समाजसेवाको भावनालाई थप सशक्त बनाउन सहयोग गर्ने धारणा राखेका छन् । तर व्यवहारिक ज्ञानका लागि भने विद्यार्थीहरु काममा पनि लाग्नु संलग्न हुनुपर्ने केसीको भनाइ छ । गैरसरकारी संस्था महासंघ कास्कीका निर्वतमान अध्यक्ष डा वुध्दि थापाले सामाजिक कार्यमा संलग्न हुनेले जनताको चासो र चिन्ता केमा छ भनेर पत्ता लगाउन सक्नु पर्ने बताए । मानव सेवा आश्रम कास्कीका संयोजक तथा केन्द्रीय सदस्य सदिस पुनले नेपाल आर्थिकरुपमा अरु देशभन्दा कमजोर भए पनि मानवीय भावनामा भने अग्रस्थानमा रहेको तथ्य स्मरण गराए । लेकसिटीका पूर्व विद्यार्थी समेत रहेका पुनले सामाजिक कार्यमा लागिरहँदा करुणाभाव, अनुशासन, स्पष्ट दृष्टिकोण आदि हुनु पर्नेमा जोड दिए । कलेजकी पूर्वविद्यार्थी स्वस्तिमा मानन्धरले सामाजिक कार्य अध्ययन अनुसन्धान अन्तर्गत विद्यार्थीहरुले पाउन सक्ने अवसरहरु बारेमा पनि पर्याप्त छलफल हुन नसकेको अनुभव सुनाइन् । संवाद कार्यक्रममा सहभागी हुँदै कलेजमा अध्ययनरत विद्यार्थी सन्देश शर्माले संविधानमा रोजगारीलाई मौलिक हकका रुपमा उल्लेख गरिएको र हालै सरकारले ल्याएको पढ्दै कमाउँदै अभियानका वीच सामन्जस्यताको आवश्यकता रहेको बताए । उनले गैरसरकारी संस्थाले विद्यार्थीलाई इन्टर्नसिप दिने सन्दर्भमा सरकारसँग साझेदारीमा काम गर्न सक्ने सुझाव दिए । त्यस्तै अर्की विद्यार्थी दीपा दवाडीले गैरसरकारी संस्थाहरुमा कर्मचारी आवश्यक पर्दा गर्ने विज्ञापनमा सामाजिक कार्य विषय अध्ययन गरेकालाई प्राथमिकता नदिएको गुनासो गरिन् ।

कार्यक्रमकी सभापति अस्मिता रानाभाटले सामाजिक कार्य विषय अध्ययन, अनुसन्धान र कार्य गरिरहेकाहरुलाई लाइसेन्सको व्यवस्था गरिनु पर्ने बताइन् । कलेजकी विद्यार्थी समेत रहेकी रानाभाटका अनुसार उच्च शिक्षा लिएर पनि भविष्यमा लाइसेन्सका कारण समस्या हुन सक्ने भएकाले राज्यले आवश्यक कानुन निर्माणमा ध्यान दिनु पर्छ । कलेजका सहायक क्याम्पस प्रमूख शोभाकान्त सिग्देलले समाजको स्थिति बुझाउन कलेजले विद्यार्थीहरुलाई देशका विभिन्न क्षेत्रको भ्रमण गराउने गरेको जानकारी दिए । कलेज अर्न्तगत रहेको सोसल क्लबले विविध कार्यक्रम गरिरहेको उनको भनाइ छ । समाज विज्ञान केन्द्रका संयोजक अनिष पौडेलले लेकसिटी कलेजले विभिन्न संघसंस्थाहरुसँग सहकार्य गरेर आफ्ना विद्यार्थीहरुलाई सामाजिक कार्यमा सहभागी गराएको जानकारी दिएका छन् । त्यसैगरी इन्टर्नसिपमा जाने कलेजका विद्यार्थीका लागि व्यवहारिक ज्ञान लिन सहयोगी हुने विश्वासमा यो कार्यक्रम आयोजना गरिएको पौडेलको भनाइ छ । कार्यक्रममा पोखरा महानगर पालिकाको सामाजिक शाखाकी सूचना अधिकृत चन्द्रावती वाग्ले, समाजशास्त्री डा रामचन्द्र बरालले सामाजिक कार्य विषयमा प्रकाश पारेका थिए । लेकसिटी कलेज एन्ड रिसर्च सेन्टरअन्तर्गतको समाज विज्ञान केन्द्नले १० वर्षदेखि समसायिक विषयमा नियमित छलफल गर्दै आएको र आगामी दिनमा समेत निरन्तरता दिने जनाएको छ । कलेजमा स्नातक तहमा सामाजिक कार्य सहित विविएस र बिएमा अंग्रेजी र पत्रकारिता पढाई हुँदै आएको छ ।

# माउन्ट अन्नपूर्णमा एसइई बास्केटबल प्रतियोगिता शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ




पोखराको ३ नदिपुर भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक बिद्यालयमा पाचौं माउन्ट अन्नपूर्ण एसइई बास्केटबल प्रतियोगिता बिहिबार बाट शुरु भएको छ । उद्घाटनको दिन ७ खेल सम्पन्न भएको खेल संयोजक अशोक कुमार शाहीले बताए।

जस अन्तरगत घान्द्रुक,जेपिटि,गलेश्वर निलो,त्रिसा शक्ति समाज,वियुजि, टिजी ब्रर्दर र मर्दिखोला बिजयी भएको संयोजक शाहीले जनाए । उद्घाटन कार्यक्रममा बोल्दै पोखरा महानगपालिका शिक्षा महाशाखाका अधिकृत जिवन रेग्मीले बिद्यालयले शिक्षाको क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको बताए । उनले खेलकुदको माध्यमबाट बिद्यार्थीमा अनुसासित र स्वस्थ हुने बाताबरण सृजना हुने हदा खेलकुदको महत्व भएको उल्लेख गरे । बिद्यालयका अतिरिक्त कार्यक्रम निर्देशक तज बहादुर गुरुङले बिद्यालय गण्डकी प्रदेशकै पहिलो निजि स्तरबाट सञ्चालित भएको बताए । उनले एसइई दिएर बसेका बिद्यार्थीहरुको फुर्सदको समयलाई रचनात्मक कार्यमा सदुपयोग गर्ने उद्धेश्यले खेलकुदको कार्यक्रम आयोजना गरिएको जनाए । प्रिन्सिपल सइन्द्रराज श्रेष्ठले बिद्यालयले पठनपाठन सगैं खेलकुद र अन्य अतिरिक्त क्रियाकलापमा सधै जोड दिदै यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बताए । कार्यक्रममा पुर्व अध्यक्ष चिज काजी गुरुङ,प्रोमोटर झम गुरुङ,समाजसेवी भूपालजङ कुवँर,नेपाल बास्केटबल संघका उपाध्क्षय जुम गुरुङ लगाएत वडा ३ मा रहेका बिभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उल्लेख्य सहभागिता रहेको थियो । कुल २० टिमको सहभागिता रहेको प्रतियोगिता १७ गते सम्म सञ्चालन हुने छ ।

# उनानब्बे हजार पशुलाई खोप

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ जेठ

जिल्लामा खोप अधियान सञ्चालन गरी ८९ हजार पशुलाई खोप लगाइएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले खोपका माध्यमबाट पशुधनको सुरक्षा तथा उत्पादन वृद्धिका लागि जिल्लाका वटै स्थानीय तहका कृषकले पालेका पशुलाई खोप लगाउने अभियान सञ्चालन गरेको हो ।

चालु आर्थिक वर्षमा पूर्ण खोप कार्यक्रममार्फत ८९ हजार ५५१ गाईभैंसी, बाख्रा, भैंडा र कुकुरलाईमहामारीजन्यरोगविरुद्ध पाँच प्रकारका खोप लगाइएको केन्द्रका सूचना अधिकारी सुभाष रेग्मीले जानकारी दिनुभयो । दश हजार ९८१ घरधुरी कृषक लाभान्वित भएका उहाँले बताउनुभयो । पूर्ण खोप अभियानका लागि एउटा वडामा भूगोल र पशुसङ्ख्याको आधारमा दुईदेखि तीन जनाको दरले प्राविधिक र खोपकर्ता परिचालन गरिएको थियो । पशुलाई महामारीजन्य रोगबाट बचाउन खोप प्रभावकारी उपाय भएकाले अभियान सञ्चालन गरिएको केन्द्रका सूचना अधिकारी रेग्मीले बताउनुभयो । पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने जुनोटिक रोगलाई नियन्त्रण गरी जनस्वास्थ्यमा पर्नसक्ने नकारात्मक प्रभावबाट बचाउन, पशुजन्य रोगको उपचार र नियन्त्रणमा लाग्ने समय र खर्चको बचतका लागि पूर्णखोप कार्यक्रम प्रभावकारी बनेको उहाँको भनाइ छ । गण्डकी प्रदेश सरकारले सङ्क्रामक रोग निर्मुल पार्ने योजनाअनुसार प्रदेशलाई पूर्णखोपयुक्त बनाउन ११ वटा जिल्लाका पशुमा पूर्ण खोप अभियान सञ्चालन गरिरहेको छ ।

# सुकल्प कास्कीको पाँचौ साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ




पोखरा सुबेदी कल्याण प्रतिष्ठान (सुकल्प) कास्कीको जिल्ला समितिको पाँचौ साधारण विहीबार पोखरामा सम्पन्न भयो । साधारण सभाले कार्यसमितिको सांगठनिक र आर्थिक प्रतिवेदन पारित गर्यो ।

साधारण सभाको उद्घाटन गर्दै सुकल्प केन्द्रीय कुलाधिपति देवीप्रसाद सुवेदीले संसारभर छरिएर रहेका सुवेदी बन्धुहरुलाई एकै ठाउँमा उभ्याउन सुकल्प गठन गरिएको र उद्देश्य अनुसार अघि बढिरहेको बताए । नेपालमा सबै भन्दा बढी सुवेदी कास्कीमा रहेको र गतिविधि पनि कास्कीमै बढी हुने गरेको उनको भनाइ थियो । उनले सुबेदीहरुको एकता सधै चीरस्थायी भइरहनु पर्ने बताए । साथै डिजीट वंशावली तयार पारिएकाले सबैको साथसहयोगको उनले अपेक्षा गरे । सभाको अध्यक्षता गरेका सुकल्प कास्कीका अध्यक्ष डा.अनिल सुवेदीले एक वर्षको अवधिमा भए गरेका गतिविधि, भावी कार्यक्रमलगायतका विषयमा प्रष्ट पारेका थिए । कोषाध्यक्ष भीमप्रसाद सुवेदीले आर्थिक प्रतिवेदन पेश गरेका थिए । कार्यक्रममा गत वर्ष एसईई परीक्षामा सामुदायिक विद्यालयबाट सर्बोत्कृष्ट अंक ल्याउने सरस्वती टीका माविका प्रतिक सुवेदीलाई सम्मान गरिएको थियो । सुकल्प कास्कीका पूर्वसचिव पशुपति सुवेदीले आफ्ना बाबुआमा खडानन्द, पूर्णकला स्मृति पुरस्कारको स्थापना गरेर वर्षेनी २ जना (छात्र र छात्रा) लाई पुरस्कारको व्यवस्था गर्दै आएका छन् । गतवर्षको एसईईमा छात्रातर्फ अमरसिंह माविकी समृद्धि सुवेदी यसअघिनै पुरस्कृत भइसकेकी छन् । पुरस्कारको राशी जनही ५ हजार रुपैयाँ छ । पुरस्कार दाता पशुपति सुवेदीलाई पनि उक्त अवसरमा सम्मान गरिएको थियो । साधारण सभामा सम्मानित व्यक्तित्व पशुपति सुवेदी, सुकल्प केन्द्रीय सदस्य ओम सुवेदी, प्रदेश उपाध्यक्ष देवी सुवेदी, केन्द्रीय सल्लाहकार चक्रपाणी सुवेदी, सदाशिव सुवेदी समाजका सचिव शिवप्रसाद सुवेदी, सिम्पाली इकाई अध्यक्ष बैकुण्ठ सुवेदीले शुभकामना मन्तव्य राखेका थिए । सुकल्प कास्कीका उपाध्यक्ष मनहरी सुवेदीले स्वागत गरेको कार्यक्रम सचिव महेन्द्र सुवेदीले संचालन गरेका थिए ।

## बेसीशहर नगरपालिका भित्र भएर बग्ने मर्स्याङ्दी नदी, दोर्दी, मिदिम खोला बगर तथा भीर क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा, रोडा संकलन/उत्खनन् कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०२/१६)**

**गण्डकी प्रदेश, लमजुङ जिल्ला बेसीशहर नगरपालिकामा बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।**

प्रस्तावकको नाम तथा ठेगाना : बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बेसीशहर, लमजुङ

| | घाटको नाम | प्रभावित वडाहरु | घाटको नाम | प्रभावित वडाहरु |
|---|---|---|---|---|
| प्रस्तावकको व्यहोराः बेसीशहर नगरपालिका भित्र भएर बग्ने मर्स्याङ्दी नदी,, दोर्दी र मिदिम खोला बगर तथा भीर क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा, रोडा संकलन तथा उत्खनन् कार्य गर्ने | बेलौती विसौना खण्ड क (डिलबहादुर रिमालको जग्गा अगाडिको खण्ड) | ६ | बेलौती विसौना खण्ड ख (ओमबहादुर रिमालको जग्गा अगाडिको खण्ड) | ६ |
| | बेलौती विसौना खण्ड ख (चन्द्रबहादुर रिमालको जग्गा अगाडिको खण्ड) | ६ | बेलौती विसौना खण्ड ग (गोविन्द बस्नेतको जग्गा अगाडिको खण्ड) | ६ |
| | बेलौती विसौना खण्ड घ (टिकाराम राउतको जग्गा अगाडिको खण्ड) | ६ | थारचौर खण्ड | १० |
| | गैरी क्याम्पस मुनि खण्ड क | २ र ११ | गाइखुरे छहरा खण्ड क | २ र ११ |
| | गैरी क्याम्पस मुनि खण्ड ख | २ र ११ | गाइखुरे छहरा खण्ड ख | १ र ११ |
| | लेतेफाँट खण्ड | १० | गाइखुरे छहरा खण्ड ग | १ र ११ |
| | खासुर अक्कर खण्ड क | १० | बरबोट मुनिको खण्ड | ११ |
| | खासुर अक्कर खण्ड ख | १० | क्रसर उद्योग मुनिको खण्ड क | १ |
| | भोटेफाँट खण्ड | १० | क्रसर उद्योग मुनिको खण्ड ख | १ |
| | पुवाखोला दोभान खण्ड | ६ र ७ | आर्मि ब्यारेक पुछार खण्ड | १ |
| | सातबिसे खण्ड | ७ | बान्द्रे फाँट मुनिको खण्ड | ११ |
| | ओख्लेफाँट मुनीको खण्ड | ८ | रिष्ठेबगर घाट | १ |
| | ल्याण्डफिल्ड खण्ड | ८ | गैरी वगर घाट | १ |
| | रानीकुवा टापु मुनिको खण्ड | ३ | दोर्दी र मिदिम खोला क्षेत्र | ११ |
| | आँपचौर खण्ड | १० | दोर्दी र मिदिम खोला क्षेत्र - ढुंगा समेत | ११ |
| | बोहोराबेसी मुनिको खण्ड | २ | नाल्मा मिदिम खोला क्षेत्र | ५ |
| | भकुण्डे थुम्कामुनीको खण्ड | २ | साप्ले भीर खण्ड क | ९ |
| | मुक्तिमिलन प्रा.वि. सडक माथि पट्टी | ९ | साप्ले भीर खण्ड ख | ९ |
| प्रभाव पर्न सक्ने जिल्ला/ न.पा. | लमजुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं. १,२,३, ५, ६, ७, ८, ९,१० र ११ | | | |

**उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न बेसीशहर नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।**

**राय सुझावका लागि पत्रचार गर्ने ठेगाना**

१. श्री बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय
फोन नं. ०६६-५२०१५० ईमेलः besishaharmunicipality@gmail.com

२. श्री ग्रिनविच इन्भाइरोमेन्टल एण्ड इन्जिनियरीङ कन्सल्ट प्रा. लि नयाँ बानेश्वर, काठमाडौं
फोन नं. ९८४१५३१५८२ ईमेलः geecnepal@gmail.com